# राष्ट्रपति महिला उत्थान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

**प्रस्तावनाः-**सबै प्रकारका लैङ्गिक हिंसा र कुरीतिको अन्त्य गर्न, दूर्गम क्षेत्रका गर्भवती तथा सुत्केरी महिलाहरुको उद्धार, सीप तथा उद्यमशीलताको विकास लगायतका महिला सशक्तीकरणको माध्यमबाट महिलाहरूको हक, अधिकार सुनिश्चित गर्दै राष्ट्र निर्माणको प्रत्येक तहमा समान सहभागिता पुऱ्याउन, आर्थिक रुपमा कमजोर र विपन्न महिलाहरुको जीवनस्तर उकास्दै सीप तथा क्षमताबाट उत्पादित तथा प्रवद्धित सामग्रीहरुलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा पहिचान गराउन, प्रजनन् तथा मातृ स्वास्थ्यमा सुधार गर्न, सिमान्तकृत, मधेसी, मुस्लिम, पिछडा वर्ग र समूदाय भित्रका विपन्न महिलाहरुको संरक्षण, उत्थान, सशक्तीकरण, सामाजिक सुरक्षा मार्फत राष्ट्रिय विकासमा मूल प्रवाहीकरण गर्न वाञ्छनीय भएकोले,

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ को दफा १४ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरीएको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

१. संक्षिप्त नाम प्रारम्भः (१) यस कार्यविधिको नाम "राष्ट्रपति महिला उत्थान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" रहेको छ ।

(२)यो कार्यविधि नेपाल सरकार,महिला बालबालिका तथा जेष्ठनागरिक मन्त्रालयबाट स्वीकृत भएको मितिदेखी लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क)."कार्यक्रम" भन्नाले राष्ट्रपति महिला उत्थान कार्यक्रम सम्झनुपर्दछ।

(ख). "मन्त्रालय" भन्नाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनुपर्दछ ।

(ग). "विभाग" भन्नाले महिला तथा बालबालिका विभाग सम्झनु पर्दछ ।

(घ). "बहुविपन्न महिला" भन्नाले दलित वा संकटापन्न, जनजाति समुदायका विपन्न महिला सम्झनुपर्दछ सो शब्दले जुनसुकै समुदायका एकल,अपाङ्गता भएका वा लैङ्गिक हिंसाबाट प्रभावित विपन्न महिला समेतलाई जनाउनेछ ।

(ङ) "विपन्न महिला" भन्नाले कहिल्यै विद्यालय नगएका वा गएतापनि विद्यालय शिक्षा परीक्षा SEE उतीर्ण गर्न नसकेका शैक्षिकरूपमावञ्चित वा आफ्नो जग्गा वा आम्दानीको नियमित स्रोतबाट वर्ष दिन खान नपुग्ने परिवारका आर्थिक रूपमा बञ्चित भएको महिला सम्झनु पर्दछ ।

(च) ."निर्देशक समिति" भन्नाले राष्ट्रपति महिला उत्थान कार्यक्रम कार्यान्वयनमा मार्गदर्शनका लागि गठन भएको राष्ट्रपति महिला उत्थान कार्यक्रम कार्यान्वयन निर्देशक समिति सम्झनु पर्दछ ।

(छ.) "समन्वय समिति" भन्नाले राष्ट्रपति महिला उत्थान कार्यक्रम कार्यान्वयन तथा समन्वय समिति सम्झनु पर्दछ ।

(ज). "कार्यक्रम समन्वय इकाई" भन्नाले महिला सशक्तीकरण महाशाखा अन्र्तगत राष्ट्रपति महिला उत्थान कार्यक्रम समन्वय इकाई सम्झनु पर्दछ ।

## परिच्छेद -२

## उद्देश्य, संरचना, कार्यक्रम कार्यान्वयन सम्बन्धी व्यवस्था

३.राष्ट्रपति महिला उत्थान कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेको छ ।

(क) जीविकोपार्जन सुधार, वित्तीय पहुँच तथा उद्यमशीलताको माध्यमबाट महिलाहरूको आर्थिक सशक्तीकरण गर्दै दिगो विकास हासिल गर्ने ।

(ख) लैङ्गिक बिभेद, हिंसा र सबै प्रकारका कुरीति अन्त्यका लागि सामाजिक रुपान्तरणको अभियान संचालन गर्ने ।

(ग) हिंसा पीडित तथा प्रभावितहरूका लागि राहत उद्धार र पुनस्थापना सेवा उपलब्ध गराउने ।

(घ) दूर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरुलाई हवाई उद्धार सेवा संचालन गरी मातृमृत्यु दरमा उल्लेख्य रुपमा कमी ल्याउने ।

४. कार्यक्रम संचालन हुने जिल्लाः- (१) मानव विकास सूचकांकमा पछाडी परेका जिल्लाहरुमा क्रमशः कार्यक्रम संचालन गर्दै लगिनेछ । कार्यक्रम लागू हुने जिल्ला अनुसूची २ मा उल्लेख गरिएको छ ।

५. कार्यक्रम संचालनका लागि नीतिगत व्यवस्थाः राष्ट्रपति महिला उत्थान कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यकता अनुसार निर्दशिका रणनीति, मापदण्ड कार्ययोजना तयार गरिनेछ ।

६. कार्यक्रम कार्यन्वयनका लागि संरचनात्मक व्यवस्थाः- राष्ट्रपति महिला उत्थान कार्यक्रम कार्यान्वयनको मार्गदर्शन, कार्यान्वयमा समन्वय तथा कार्यान्वयनका लागि विभिन्न समिति गठन गर्न सकिनेछ ।

६.१ निर्देशक समितिको गठनः (१) राष्ट्रपति महिला उत्थान कार्यक्रम कार्यान्वयनको मार्गदर्शनका लागि देहाय बमोजिमको निर्देशक समिति गठन गरिनेछ ।

(क). माननीय मन्त्री, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय - अध्यक्ष

(ख).सम्बन्धित विषय हेर्ने माननीय सदस्य, राष्ट्रिय योजना आयोग - सदस्य

(ग). प्रतिनिधि ,संघीय प्रतिनिधि सभाको महिला सदस्य मध्येबाट १जना- -सदस्य

(घ). प्रतिनिधि,संघीय राष्ट्रिय सभाको महिला सदस्य मध्येबाट १ जना -सदस्य

(ङ). प्रमुख/प्रतिनिधि, प्रमुख राष्ट्रिय राजनीतिक पार्टीका भागिनीसंगठनका ५ जना सदस्य

(च) सचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय -सदस्य

(छ). सहसचिव, राष्ट्रपतिको कार्यालय -सदस्य

(ज) सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(झ). सहसचिव, अर्थ मन्त्रालय - सदस्य

(ञ). सहसचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - -सदस्य

(ट). सहसचिव, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्रालय - सदस्य

(ठ). महानिर्देशक, महिला तथा बालबालिका विभाग - सदस्य

(ड). सहसचिव, महिला सशक्तीकरण महाशाखा, मन्त्रालय - सदस्य- सचिव

(२) यस समितिको बैठकमा आवश्यकता अनुसार विज्ञलाई समेत आमन्त्रण गर्न सकिनेछ ।

<u>६.१.१ निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।</u>

(क). कार्यक्रमलाई प्रभावकारी ढंगबाट संचालन गर्न नविनतम सोच, मार्गदर्शन प्रदान गर्ने ।

(ख). कार्यक्रमको आवश्यक नीति, योजना, बजेट तथा कार्यक्रम तर्जुमा गर्न मन्त्रालयलाई सुझाव प्रदान गर्ने ।

(ग) .स्वीकृत भएको नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

(घ). कार्यक्रम कार्यान्वयनका लागि सम्बन्धित निकाय प्रदेश तथा स्थानीय सरकारसँग समन्वय गर्ने ।

(ङ). नेपाल सरकारले दिएको निर्देशन बमोजिम कार्यक्रम स्थलगत अनुगमन गर्ने, गराउने तथा आवश्यक निर्देशन दिने ।

<u>६.१.२ निर्देशक समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।</u>

(क) .निर्देशक समितिको बैठक कम्तीमा वर्षको ३ पटक र आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्नेछ ।

(ख). कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा निर्देशक समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(ग) बैठकको अध्यक्षता निर्देशक समितिको अध्यक्षले र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरु मध्ये वरिष्ठ सदस्यले गर्नेछ ।

(घ) . बैठक सम्बन्धी अन्य कार्यविधि निर्देशक समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

<u>६.२. कार्यक्रम कार्यान्वयन तथा समन्वय समितिः</u> यस कार्यविधि बमोजिम कार्यक्रम कार्यन्वयनको उद्देश्य अनुरुप कार्यक्रम सञ्चालन तथा समन्वय गर्न मन्त्रालयमा देहाय बमोजिमको कार्यकम कार्यान्वयन तथा समन्वय समिति रहनेछ ।

(क). महाशाखा प्रमुख, महिला सशक्तीकरण महाशाखा,मन्त्रालय- -संयोजक

(ख) उपसचिव, राष्ट्रपतिको कार्यालय -सदस्य

(ग). उपसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(घ). उपसचिव, अर्थ मन्त्रालय -सदस्य

.(.ङ). उपसचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय-सदस्य

(च) उपसचिव, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय -सदस्य

(छ). उपसचिव,अनुगमन तथा मूल्यांकन महाशाखा, राष्ट्रिय योजना आयोग - सदस्य

(ज). निर्देशक, महिला तथा बालबालिका विभाग -सदस्य

(झ).प्रमुख, राष्ट्रपति महिला उत्थान समन्वय इकाई -सदस्य- सचिव

(२) <u>यस समितिको बैठकमा आवश्यकता बमोजिम सम्बन्धित क्षेत्रको विषय विज्ञ व्यक्तिलाई समेत आमन्त्रण गर्न सकिनेछ ।</u>

६.२.१ यस समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क). निर्देशक समितिबाट प्राप्त निर्देशनहरु कार्यान्वयन गन गराउने ।

(ख). कार्यकमको वजेट तर्जुमा गर्न सहयोग गर्ने ।

(ग). कार्यक्रम कार्यान्वयनका लागि आवश्यक समन्वय गर्ने ।

(घ). कार्यकमको अनुगमन गर्ने ।

(ङ). कार्यक्रमको आवश्यकता अनुसार निर्देशिका, कार्यविधि, रणनीति, मापदण्ड तथा कार्ययोजना र प्रगति प्रतिवेदन तयार गर्न सहजीकरण गर्ने ।

(च). कार्यक्रम कार्यान्वयन गर्दा आवश्यकता वमोजिम संघीय तहका विषयगत मन्त्रालय, प्रदेश तथा स्थानीय तह र सम्वन्धित मन्त्रालयसँग सहकार्य तथा समन्वय गर्ने ।

(छ). समन्वय समितिबाट भए गरेका उपलव्धिहरु निर्देशक समितिमा पेश गर्ने ।

(ज). कार्यक्रमलाई वैज्ञानिक तथा व्यवहारिक बनाउन खोज अनुसन्धानमूलक कार्य गर्ने ।

( झ.) अन्य आवश्यकता वमोजिमका कार्यहरू गर्ने, गराउने ।

<u>६.२.२ समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।</u>

(क.) समितिको बैठक कम्तीमा वर्षको ३ पटक र आवश्यकता अनुसार संयोजकले तोकेको मिति, स्थान र समयमा बस्नेछ ।

(ख) .कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिकोबैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(ग). बैठकको संयोजकत्व समितिको संयोजकले गर्नेछ ।

(घ). बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

<u>७. कार्यक्रम कार्यान्वयन ईकाईः-</u> राष्ट्रपति महिला उत्थान कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न मन्त्रालयमा महिला सशक्तीकरण महाशाखा अन्तगत कार्यक्रम कार्यान्वयन शाखा/इकाई रहनेछ ।

७.१ कार्यक्रम कार्यान्वयन ईकाईको कार्य जिम्मेवारी देहाय बमोजिम हुनेछ ।

(क.)निर्देशक समिति र कार्यक्रम समन्वय तथा कार्यान्वयन समितिवाट प्राप्त मार्गदशन, निर्णय कार्यान्वयन गर्ने ।

(ख). जीविकोपार्जन सुधार वित्तीय पँहुच, उद्यमशीलता विकासका लागि लक्षित महिलालाई सीप विकास तालिम बस्तुगत टेवा प्रदान गरी क्षमता अभिवृद्धि गर्ने ।

(ग) .स्वीकृत कार्यक्रम सञ्चालनका लागि प्रदेश तथा सम्बन्धित निकायसँग समन्वय गर्ने,

(घ). सञ्चालित कार्यक्रमको अनुगमन गर्ने र अनुगमनबाट प्राप्त विशेष सुझावहरु निर्देशक समिति र कार्यक्रम समन्वय तथा कार्यान्वयन समितिमा पेश गर्ने ।

(ङ) कार्यक्रमको मासिक ,चौमासिक र वार्षिक प्रगति विवरण तयार गर्ने ।

(च).कार्यविधि, मापदण्ड, निर्देशिका र कार्यशर्तनामा अनुरुप कार्य सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाउने ।

(छ). कार्यक्रम कार्यान्वयन अनुगमन तथा मूल्यांकनको लागि सूचक सहितको अनुगमन फारम तयार गर्ने

(ज).निर्देशक समिति तथा समन्वय समितिले गरेका निर्णयहरु कार्यान्वय गर्ने ।

## परिच्छेद -३

## कार्यक्रम संचालन प्रकृया, मूख्य क्रियाकलाप

८. राष्ट्रपति महिला उत्थान कार्यक्रमका संचालन प्रकृयाः (१) यस कार्यविधि कार्यान्वयनका लागि आवश्यकता अनुसार रणनीति, निर्देशिका, मापदण्ड, कार्य योजना तयार गरी कार्यान्वयन गरिने छ ।

(२) राष्ट्रपति महिला उत्थान कार्यकमका केही कृयाकलापहरु आवश्यकता बमोजिम महिला तथा बालबालिका विभागवाट सञ्चालन गरिनेछ ।

३) प्रदेश सरकार, स्थानीय सरकार तथा अन्य सरोकारवाला निकायसँग सहकार्य, समन्वय र साझोदारीमा कार्यक्रम सञ्चालन गरिनेछ ।

४) राष्ट्रपति महिला उत्थान कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न मन्त्रालय मातहत रहने गरी प्रत्येक प्रदेशमा संरचनागत व्यवस्था गर्न पहल गरिनेछ ।

५) राष्ट्रपति महिला उत्थान कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न विद्यमान जनशक्तिवाट गर्न नसकिने काममा आवश्यकतानुसार परामर्श सेवा लिने तथा विषय विज्ञहरु परिचालन गरिनेछ ।

८. राष्ट्रपति महिला उत्थान कार्यक्रमका मुख्य क्रियाकलापः- (१) राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तगत देहाय बमोजिमको मुख्य मुख्य क्रियाकलाप संचालन गरिनेछ ।

१. मानव विकास सूचकाङ्कमा पछि परेका अनुसूची १ बमोजिमका ५५ जिल्लाहरु मध्येबाट द्धन्द्ध पीडित, अति विपन्न, दलित, पिछडा वर्ग, जनजाति, मधेशी, खस आर्य तथा मुस्लिम वर्गका महिला लक्षित जीविर्कोपाजन कार्यक्रम,

२. दूर्गम क्षेत्रमा ज्यान जोखिममा परेका अनुसूची २ बमोजिका जिल्लाहरुका गर्भवती तथा सुत्केरी महिलाको लागि हवाई उद्धार कार्यक्रम,

३. महिला तथा बालिका उपर हुने हिंसा, दूव्र्यवहार, लैङ्गिक हिंसा, हानिकार प्रचलन, एसिड आक्रमण, बालविबाह लगायतका घटना अन्त्यका लागि सामाजिक सचेतना अभियान संचालन कार्यक्रम,

४. प्रत्येक प्रदेशमा वहुआयामिक नमूना ग्राम स्थापना, सञ्चालन र व्यवस्थापन कार्यक्रम,

५. प्रत्येक प्रदेश तथा राष्ट्रिय स्तरमा महिलाद्धारा उत्पादित सामाग्रीको उत्पादन तथा प्रवद्र्धन गर्ने उद्देश्यले प्रदर्शनी कार्यक्रम,

६. महिला उद्यमशिलता तथा वित्तीय पँहुच तालिम कार्यक्रम,

७. महिलाद्धारा उत्पादित सामग्रीको राष्ट्रिय तथा प्रदेश स्तरीय बिक्री केन्द्र स्थापना र संचालन गर्न सहजीकरण र समन्वय गर्ने,

८. महिलाहरुलाई स्वदेशमै रोजगार बनाउने उद्देश्यले बैदेशिक रोजगारीमा जान चाहने महिलाहरुको लागि विशेष सीपमूलक तथा उद्यमशिलता विकास तालिम कार्यक्रम,

९. राष्ट्रपति महिला उत्थान कार्यक्रम १० वर्षे रणनीतिक कार्ययोजना तयार गरी कार्यान्वय गर्ने,

१०.अन्य स्वीकृत वार्षिक कार्यक्रम तथा नेपाल सरकारका निर्णय बमोजिम कार्यहरु गर्ने ।

## परिच्छेद -४

### समन्वय, अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन र बजेट व्यवस्था

९. समन्वय, अनुगमन, मुल्याङ्कन तथा प्रतिवेदन सम्बन्धीः-(१) राष्ट्रपति महिला उत्थान कार्यक्रम कार्यान्वयन गर्दा आवश्यकता अनुसार संघ, प्रदेश र स्थानीय तह एवं अन्य सरोकारवाला निकायहरुसँग समन्वय गरिनेछ ।

(२) मन्त्रालयवाट नियमित रुपमा तथा निर्देशक समितिवाट आवश्यकता अनुसार अनुगमन गरिनेछ ।

(३) आवश्यकता अनुसार तेस्रो पक्षबाट समेत कार्यक्रमको अनुगमन मूल्याकंन गराइने छ ।

(४) कार्यक्रम सञ्चालन भएका स्थानीय तह र सेवा प्रदायकहरुको वार्षिक रुपमा समीक्षा गोष्ठी तथा अन्तक्रिया गर्न सकिनेछ ।

(५) कार्यक्रमको चौमासिक बुलेटिन/वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गरिनेछ ।

१०.बजेट व्यवस्थापनः(१) यस कार्यविधिमा उल्लेखित कृयाकलापको कार्यान्वयन नेपाल सरकारको वार्षिक वजेटवाट सञ्चालन गरिनेछ । वैदेशिक सहायताको लागि पहल गरिनेछ ।

(२) राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत विनियोजित वार्षिक बजेट अन्तरगतका विभिन्न क्रियाकलापहरूको खर्चको सञ्चालन सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ मा उल्लेखित प्रावधान अनुरुप गरिनेछ ।

## परिच्छेद -५

## विविध

**११. अन्य व्यवस्थाः** (१) अनुसूची १ मा उल्लेखित जिल्लाहरु मन्त्रालयले आवश्यकता र मागका आधारमा थप घट गर्नेछ ।

(२) कार्यक्रम संचालन गर्दा आवश्यक पर्ने अनुगमन, मूल्यांकन तथा व्यवस्थापनका लागि सूचक,फरर्मेट र ढाँचा मन्त्रालयबाट स्वीकृत गरिनेछ ।

(३) यस कार्यविधि अनुरुप सञ्चालन गर्ने कार्यकमको आवश्यकता वमोजिम अन्य कार्यविधि तथा निर्देशिका तयार गरी कार्यक्रम कार्यान्वयन गरिनेछ ।

**१२. बाधा अडकाउ फुकाउनेः** (१) यस कार्यक्रम कार्यान्वयन सम्बन्धी कुनै बाधा द्विविधा परेमा सोको व्याख्या गर्ने, बाधा अडकाउ फुकाउने अधिकार मन्त्रालयमा रहनेछ ।

**१३.संशोधन सम्बन्धी व्यवस्थाः** (१) यस कार्यविधिमा व्यवस्था गरिएको बुँदाहरूमा संशोधन गर्ने अधिकार र कुनै अनुसूचीहरू थपघट तथा शंसोधन गर्र्ने अधिकार मन्त्रालयमा निहीत रहनेछ

**१४. खारेजीः-** "राष्ट्रपति महिला उत्थान कार्यक्रम सञ्चालन कार्यविधि, २०७४"खारेज गरिएको छ। यस पूर्वका कार्यविधि यसै कार्यविधि अनुसार सञ्चालन भएको मानिनेछ ।

**१५. प्रचलित कानुन बमोजिमः** यस कार्यविधिमा उल्लेख भएको विषयको हकमा यसै कार्यविधि बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

# अनुसूची १

## आव २०७५/७६ मा छनौट भएका प्रदेशगत मानव विकास सूचकाङ्कमा पछि परेका ३० जिल्ला

| सि.नं. | जिल्ला | सि.नं. | जिल्ला |
|---|---|---|---|
| प्रदेश नं१ . | | प्रदेश नं२ . | |
| १ | ओखलढुंगा | १ | रौतहट |
| २ | उदयपुर | २ | महोत्तरी |
| ३ | भोजपुर | ३ | सर्लाही |
| ४ | संखुवासभा | ४ | सिरहा |
| | | ५ | धनुषा |
| प्रदेश नं३ . | | गण्डकी प्रदेश | |
| १ | सिन्धुली | १ | बाग्लुङ |
| २ | सिन्धुपाल्चोक | २ | गोरखा |
| ३ | दोलखा | ३ | म्यादी |
| ४ | रसुवा | ४ | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) |
| | प्रदेश नं५ . | | कर्णाली प्रदेश |
| १ | रोल्पा | १ | कालिकोट |
| २ | प्युठान | २ | हुम्ला |
| ३ | रूकुम (पूर्वी भाग) | ३ | जाजरकोट |
| ४ | कपिलवस्तु | ४ | मुगु |
| | | ५ | डोल्पा |
| सुदुर पश्चिम प्रदेश | | | |
| १ | बाजुरा | ३ | अछाम |
| २ | बझाङ | ४ | डोटी |

२०७६।७७ मा कार्यक्षेत्र विस्तार हुने प्रदेशगत मानव विकास सूचकाङ्कमा परेका २५ जिल्ला

| सि.नं. | जिल्ला | सि.नं. | जिल्ला |
|---|---|---|---|
| प्रदेश नं१ . | | प्रदेश नं२ . | |
| १ | ताप्लेजुङ्ग | १ | बारा |
| २ | खोटाङ्ग | २ | पर्सा |
| ३ | सुनसरी | ३ | सप्तरी |
| ४ | पाँचथर | | |
| प्रदेश नं३ . | | गण्डकी प्रदेश | |
| १ | धादिङ्ग | १ | तनहुँ |
| २ | नुवाकोट | २ | लमजुङ्ग |
| ३ | रामेछाप | ३ | मुस्ताङ |
| ४ | मकवानपूर | ४ | पर्वत |
| प्रदेश नं५ . | | कर्णाली प्रदेश | |
| १ | अर्घाखाची | १ | जुम्ला |
| २ | गुल्मी | २ | दैलेख |
| ३ | बर्दिया | ३ | रूकुम (पश्चिम) |
| ४ | बाँके | | |
| सुदुर पश्चिम प्रदेश | | | |
| १ | बैतडी | | |
| २ | दार्चुला | | |
| ३ | डडेल्धुरा | | |

## अनुसूचि २

हवाई उद्धार कार्यक्रम पूर्ण र आंशिक रुपमा लागु भएका जिल्लाहरुको विवरण

| पूर्ण रुपमा लागू भएका जिल्लाहरु | आंशिक रुपमा लागू भएका जिल्लाहरु |
|---|---|
| दार्चुला, बैतडी, बाजुरा, बझाङ, डोटी, अछाम, जाजरकोट्, दैलेख, मुगु, कालिकोट, जुम्ला, हुम्ला, डोल्पा, ताप्लेजुङ्ग,संखुवासभा, भोजपुर, पाँचथर, तहेथुम,खोटाङ्, ओखलढुङ्गा, सोलुखुम्बु, दोलखा, मनाङ, मुस्ताङ, म्यादी, रोल्पा, रुकुमपूर्व, रुकुम पश्चिम, सल्यान र रसुवा | सिन्धुपाल्चोकपाँचपोखरी थामपाल) गाँउपालिका, हेल्म्बु गाँउपालिका, जुगल गाँउपालिका धादिङ्ग( )रुविभ्याली गाँउपालिका(,गोरखा सुलिकोट ) गाँउपालिका, आरुघाट गाँउपालिका, सिरानचोक गाँउपालिका, गण्डकी गाँउपालिका, अजिरकोट गाँउपालिका,धार्चेगाँउपालिका,चुमनुबीगाँउपालिका(, बाग्लुङ्गढोरपाटन नगरपालिका), गलकोट नगरपालिका, बडिघाट नगरपालिका, निसिखोला गाँउपालिका, बेरेङ गाँउपालिका,ताराखोला गाँउपालिका,काँठेखोला गाँउपालिका, तमानखोला गाँउपालिका, जैमुनी नगरपालिका |